# विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विदुर,नुवाकोट
बागमती प्रदेश,नेपाल

पं.सं.:०८१।०८२
चं.नं.:

☎ ०१०५६०४६९


मिति:२०८१।५।६

## बैदेशिक रोजगार सन्तति छात्रबृत्ति सम्बन्धि अत्यन्तै जरुरि सुचना ||

प्रस्तुत विषयमा बैदेशिक रोजगार बोर्डको सचिवालयको च.न.१४१ मिति २०८१/०४/३१ गतेको पत्र अनुसार बैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका सामुदायिक एवं सस्थागत विध्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समाबेश हुन यो सुचना प्रकाशित गरिएको छ | छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका इच्छुक विद्यार्थीले बैदेशिक रोजगार सन्तति छात्रवृत्ति संचालन कार्यविधि २०८० बमोजिम आ-आफ्नो विध्यालयमा यो सुचना प्रकाशन भएको ६० दिन (२०८१ अशोज मसान्त )भित्र निबेदन पेश गर्नुहुन साथै सम्बन्धित विध्यालयले यस्ता निवेदन प्राप्त भय पस्चात कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरि आ-आफ्नो स्थानीय तह (शिक्षा समितिबाट निर्णय हुनेगरी पालिकाले तोकेको शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा कागजात सहित सिफारिस गर्नुहुन निर्देशक समितिको मिति २०८१/०४/२४ को निर्णय अनुसार यो सुचना प्रकाशन गरियको छ | यस सम्बन्धि थप जानकारी सचिवालयको वेबसाइटमा विस्तृत सुचनामा राखिएको हुँदा सो अध्ययन गर्नुहुन एबं सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र वा बैदेशिक रोजगार बोर्डको सचिवालय वा श्रमाधान कल सेन्टर को पैसा नलाग्ने नम्बर ११४१ मा सम्पर्क गर्न सकिने समेत जानकारी गराइन्छ | सुचना तथा कार्यविधि सचिवालयको वेबसाइट www.feb.gov.np डाउनलोड गरि प्राप्त गर्न सकिनेछ |

थप जानकारीको लागि रोजगार सेवा केन्द्र शाखा वि.न.पा. ९८४१८८९१९८ मा सम्पर्क गर्नुहुन अनुरोध छ |


Website : www.bidurmun.gov.np

Email : info@bidurmun.gov.np